नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार असार २५ र २६ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरूबाट ६,५२३ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। उक्त दिन १२९ जना विदेशी नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य विभिन्न सीमा नाकाबाट नेपाल प्रवेश गरेका छन्। यही बीचमा क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि ३४३ स्थलमा १,३६९ पटक र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन देशभर ६२२ पटक अनुमगन गरिएको छ। अनुगमनको क्रममा असार २६ गतेका दिन देशभर १५,२२८ सिलिण्डर मौज्दात रहेको देखिएको छ। देशभर संक्रमितहरूमध्ये असार २६ गतेका दिन ३,२६४ जना सामान्य वेडमा, ६१६ आइसियु वेडमा र २१२ जना भेन्टिलेटरमा उपचाररत रहेका छन् । हालसम्म निषेधको आदेश उल्लंघन गर्ने २,०१,९५५ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने ४,६६,३७१ जनालाई कारवाही गरिएको छ। विगत २ दिनमा १९७ सवारीसाधन र मास्क नलगाई हिँडडुल गर्ने ५४६ लाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि ५३,१८,२३१ थान विभिन्न मेडिकल उपकरण र ८,००,५०० मूल्य बराबरको भ्याक्सिन पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। उपत्यकामा ५,२८४ सिलिण्डर र उपत्यका बाहिर ७,०३५ गरी कुल १२,३१९ अक्सिजन सिलिण्डरको उत्पादन भइरहेको छ। अत्यावश्यक दैनिक उपभोग्य वस्तुको आपूर्ति तथा मौज्दात पर्याप्त रहेको छ।

२०७८ असार २७

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np